REGIONAL NEWS UNIT

**BROADCAST: 18:40 hrs**    **Date: 16.02.2024**

## Governor-Rajsthan

राज्यपाल ओम प्रकाश माथुरले राजस्थान भ्रमण अवधिमा डंगुरपुर जिल्लामा **आचार्य महाप्रज्ञ नेत्रालय** भवनको उद्घाटन गर्नुभयो। उहाँले परिसरस्थित स्वामी विवेकानन्दको प्रतिमामा माल्यार्पण गरी उद्घाटन कार्यक्रमको विधिवत सुरुवात गर्नुभयो। यस अवसरमा राज्यपालले नेत्रालयलाई आर्थिक सहयोग स्वरूप एघर लाखको चेक प्रदान गर्नुभयो। उहाँले नेत्रालयबाट हजारौँ मानिसले नेत्र चिकित्सा प्राप्त गर्ने कुराप्रति प्रसन्नता व्यक्त गर्नुभयो। साथै, उहाँले सिक्किमको जैविक खेती, महिला सशक्तिकरण र पर्यावरणप्रति सरकारका सकारात्मक कदमजस्ता महत्त्वपूर्ण पहलहरूबारे चर्चा गर्नुभयो। राज्यपालले सिक्किम देशमै अग्रणी राज्यका रूपमा उदाइरहेको र सिक्किमले देश विकासमा उल्लेखनीय योगदान दिइरहेको उल्लेख गर्नुभयो।

## CM-Coordination Meeting

हिजो चिन्तन भवनमा मुख्यमन्त्री प्रेमसिंह तामाङको अध्यक्षतामा गान्तोक र आसपासका सबै विभागीय सचिव, सबै जिल्ला अधिकारी, जिल्ला पुलिस उपरीक्षकहरू, संयुक्त सचिव र सो बराबरका अधिकारीवर्ग र त्यसभन्दा माथिका सबै अधिकारीहरूसँग समन्वय बैठक सम्पन्न भयो। बैठकमा मुख्यमन्त्रीले सुशासनमा समन्वयको महत्त्वपूर्ण भूमिकाबारे जोड दिँदै, विगतको बैठकमा भएका छलफलको समीक्षा र विश्लेषण गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले सबै विभागलाई **टिम सिक्किम**-को ब्यानरमा सहयोग र सामुहिक प्रयासलाई बढावा दिँदै, समन्वयमा रहेर काम गर्न आग्रह गर्नुभयो। त्यसबाहेक, उहाँले राज्य सरकारले अघि सारेको कर्मचारी कल्याणका लागि प्रशासनको प्रतिबद्धतालाई पुन: पुष्टि गर्ने **बाल हेरचाह बिदा** पहलबारे विस्तृत रूपमा बताउनुभयो। साथै, मुख्यमन्त्रीले सरकारी कर्मचारी र जनताबीच प्रभावकारी सञ्चार हुनुपर्ने आवश्यकतालाई प्रकाश पार्दै, सार्वजनिक सेवालाई उच्च प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभयो। उहाँले राज्यमा प्रवेश गर्ने मानिसहरूको आवतजावतको अनुगमन गरी उचित अभिलेख राख्नुपर्नेमा पनि जोड दिनुभयो।

## CM-Gyalo Thondup

मुख्यमन्त्री प्रेमसिंह तामाङ परम पावन चौधौँ दलाई लामाका दाजु स्वर्गीय कुङ्गो ग्यालो थोन्डुपको कालेबुङस्थित निवास पुगी उहाँप्रति श्रद्धाञ्जली अर्पण गर्नुभयो। मुख्यमन्त्रीले भन्नुभ, हामी यो ठूलो क्षतिको घडीमा शोकसन्तप्त परिवारजनप्रति गहिरो ऐक्यबद्धता जनाउँदै, गहिरो समवेदना व्यक्त गर्दछौँ। साथै, शोकसन्तप्त परिवारजनसँगै प्रार्थनामा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौँ।

## Sikkimg Blue Duke Festival

सरम्सा उद्यानमा आयोजित तीन दिवसीय **सिक्किम ब्लू ड्युक फेस्टिवल 2025** आज समापन भएको छ। समापन कार्यक्रममा बलीवुड लगायत नेपालका चर्चित कलाकारहरूले मनोरञ्जनात्मक सांगीतिक प्रस्तुति दिए। कार्यक्रम मुख्यमन्त्री प्रेमसिंह तामाङको मार्गनिर्देशनमा सिक्किम सरकारको पर्यटन विभाग, लोकसभा सांसद कार्यालय, प्रेस क्लब अफ सिक्किम आदिको संयुक्त तत्वावधानमा एवं भेन्किजको प्रायोजनामा आयोजित गरिएको थियो। समापन अवसरमा मार्ताम-रुम्तेकका विधायक सोनाम छिरिङ भेन्चोङपा, विधायक एलबी दास, मुख्यमन्त्रीका राजनीतिक सचिव जेकब खालिङ, लोकसभा सांसद डा. इन्द्रहाङ सुब्बा आदि उपस्थित हुनुहुन्थ्यो। महोत्सवको उद्देश्य विद्यार्थीहरूलाई एआई, ड्रोन र रोबोटिक्स-जस्ता उदीयमान प्रविधिहरूको अनुभव गराउनुका साथै पाक कला र उद्यमशीलता नेटवर्किङ अवसरहरू प्रदान गर्नु रहेको थियो।

## BJP-CAP

बीजेपी, सिक्किम प्रदेश कमिटिले राज्यमा दिनहुँ बढ्दो आत्महत्याका घटनाहरूमाथि चिन्ता व्यक्त गर्दै, राज्य सरकारको ध्यानाकर्षण गराएको छ र सिक्किम जस्तो सानो र कम जनसङ्ख्या भएको राज्यमा एकै हप्तामा 17 वटाभन्दा धेरै आत्माहत्याको घटना घट्नु गम्भीर स्थिति हो भन्दै तत्काल राज्य सरकारद्वारा यस विषयमा हस्तक्षेपको माग गरेको छ। यसरी नै सिटिजन एक्सन पार्टीले पनि विज्ञप्ति जारी गर्दै, लगातार बढ्दो आत्माहत्यामाथि चिन्ता व्यक्त गर्दै, राज्य सरकारलाई आत्महत्या रोकथामका लागि प्रभावकारी नीति ल्याउन आग्रह गरेको छ।

## Pratibha Puraskar

**नेपाली प्रतिभा प्रतिष्ठान युके**-द्वारा आयोजित कार्यक्रममा आज असम लिङ्जेकी लेखिका तथा अनुसन्धानकर्ता सन्ध्या सिङ्जाङ्गोलाई प्रतिष्ठित **प्रतिभा पुरस्कार २०२५** प्रदान गरिएको छ। पुरस्कार, प्रख्यात साहित्यकार बैरागी काइँलाले प्रदान गर्नुभयो। सुश्री सिङजाङ्गो विदेशबाट प्रतिभा पुरस्कार प्राप्त गर्ने पहिलो व्यक्ति हुनुहुन्छ। उहाँले लिम्बु शिक्षा र साहित्यमा उल्लेखनीय योगदान दिनुभएको छ।

## Weather

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रका अधिकतम तापमन **8.6** डिग्री सेल्सियस र न्यूनतम तापमन **5.5** डिग्री सेल्सियस रेकर्ड गरियो। विभागले भोलि अधिकतम तापमान **11** डिग्री सेल्सियस र न्यूनतम तापमान **6** डिग्री सेल्यिस रहने पूर्वानुमान गरेको छ।

**आकाशवाणी गान्तोकबाट समाचार पूरा भयो।**